यो आकाशवाणी हो

14 December 2023

मुख्य समाचार

- चर्काचर्की होहल्लाका कारण संसदका दुवै सदनको कार्यवाही दिनभरिका लागि स्थगित
- पन्ध्र सांसद शीतकालीन सत्रका शेष बैठकका लागि निलम्बित
- एआई ग्लोबल पार्टनरसिप सम्मेलनले नयाँ दिल्ली घोषणाको कार्यान्वयनलाई स्वीकार गऱ्यो
- सिक्किम हिमपातमा थुनिएका आठ सय पर्यटकलाई सेनाले गऱ्यो उद्धार
- खेलो इन्डिया पारा गेम्समा हरियाणा एकतीस स्वर्णसहित शीर्षमा
- भारत र दक्षिण अफ्रिका माझ तेस्रो टी-20 म्याच जोहान्सबर्गमा हुँदै, अनि
- महिला टेस्टमा भारतले पहिलो दिन बनायो 410 रन

संसद स्थगित

हिजो लोकसभामा भएको सुरक्षा चुकको घटनालाई लिएर आज पनि संसदका दुवै सदनमा लगातार अवरोध सिर्जना भए। जसका कारण लोकसभा र राज्यसभाको कार्यवाही दिनभरिका लागि स्थगित भएका छन्। दोश्रो पटकको बैठक स्थगित भएपछि तीन बजी संसदको कार्यवाही सुचारु हुँदा विपक्षी सांसदहरुले घटनाको विषयलाई लिएर नाराबाजी जारी राखेका थिए। उनीहरुले यस विषयमा गृहमन्त्री श्री अमित शाहको बयान र कार्बाहीको माग गरेका थिए।

संसदीय मामिला मन्त्री श्री प्रल्हाद जोशीले शीतकालिन अधिवेशनको रहल बैठकमा विपक्षी दलका नौ सदस्यलाई अनुचित व्यवहार गरेको भन्दै निलम्बन गर्ने प्रस्ताव पेस गर्नुभयो। चर्काचर्की जारी रहेपछि संसदको बैठक दिनभरका लागि स्थगित गरिएको थियो।

यसअघि स्थगनपछि २ बजी बैठक सुरु हुँदा कांग्रेस, तृणमूल कांग्रेस, द्रमुक, जनता दल युनाइटेडलगायतका दलका सदस्य सुरक्षा चुकको विषयमा नाराबाजी गर्दै सदनको बीचमा आएका थिए। श्री जोशीले हिजोको घटना सांसदको सुरक्षाको दृष्टिकोणले दुर्भाग्यपूर्ण र अत्यन्त गम्भीर रहेको बताउनु भयो। उहाँले संसदको सुरक्षा व्यवस्था बलियो बनाउन लोकसभा अध्यक्ष श्री ओम बिरलाले बैठक गरेको जानकारी दिनुभयो। उहाँले सांसदका केही सुझाउमा कार्यान्वयन भइसकेको र अन्य उपाय अवलम्बन गरिने बताउनु भयो। उहाँले संसद भवनको सुरक्षा अध्यक्षको मातहतमा आउने र उच्चस्तरीय छानबिनका लागि श्री बिरलाले गृहसचिवलाई पत्र लेखेको बताउनु भयो। श्री जोशीले यस्तो गम्भीर राष्ट्रिय मुद्दामा राजनीति गर्न नहुने बताउनु भयो।

राज्यसभामा पनि यस्तै गतिरोध देखियो । पाँचौं स्थगन पछि अपराह्न ४ बजी बैठक पुनः सुरु हुँदा कंग्रेस, तृणमूल कंग्रेस, डीएमके, वामपन्थी, राष्ट्रिय जनता दल, शिवसेना, उद्धव ठाकरे गुट र अन्य सदस्यहरूले सुरक्षा चुकलाई लिएर विरोध जारी राखे। सभापति श्री जगदीप धनखडले तृणमूल कंग्रेसका निलम्बित सांसद श्री डेरेक ओब्रायनलाई सदन छोड्न बारम्बार आग्रह गर्नुभयो तर उहाँले मान्नुभएन। त्यसपछि सदनका नेता श्री पियुष गोयलले श्री ब्रायनको अनुपयुक्त व्यवहारको विषयलाई विशेषाधिकार समितिमा पठाउने प्रस्ताव राख्नुभयो। समितिलाई तीन महिनाभित्रमा प्रतिवेदन बुझाउन भनिएको छ ।
यसअघि पनि सदनको बैठक पटकपटक स्थगित भएको थियो।

संसद निलंबित

लोकसभाका 14 सदस्यहरू र राज्यसभाका एक सदस्यलाई अनुचित व्यवहार गरेकोमा संसदको शीतकालीन सत्रका शेष बैठकका लागि निलम्बित गरिएको छ।
लोकसभामा भोजनवकासको पछि संसदीय कार्यमन्त्री श्री प्रह्लाद जोशीले कंग्रेसका पाँच सदस्यलाई निलम्बित गर्ने प्रस्ताव प्रस्तुत गर्नुभयो। जो ध्वनिमतले स्वीकार भयो। यसको पछि अझ 9 सदस्यलाई अनुचित व्यवहार गरेकोमा निलम्बित गरियो। निलम्बित हुने कंग्रेसका- 4 सदस्यहरु, मार्क्सवादी कम्युनिस्ट पार्टीका 2 जना सदस्य, डीएमकेबाट - 2 जना सदस्यहरू र भारतीय कम्युनिस्ट पार्टीका 1 जना सदस्य रहेका छन्।
राज्यसभामा तृणमूल कंग्रेस सांसद श्री डेरेक ओब्रायनलाई निलम्बित गरियो।

सुरक्षाकर्मी निलम्बन

लोकसभामा हिजो भएको सुरक्षा उल्लंघनको घटनामा आठ सुरक्षाकर्मीलाई निलम्बन गरिएको छ । संसदको सुरक्षामा लापर्वाही गरेको भन्दै उनीहरुविरुद्ध लोकसभा सचिवालयले कारबाही गरेको हो ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

विकसित भारत संकल्प यात्रा

विकसित भारत संकल्प यात्राले नयाँ कीर्तिमान स्थापित गरेको छ। एक महिनाभन्दा थोरै समयमा यात्रामा सामेल हुने मानिसहरूको संख्या दुई करोड़भन्दा धेरै भएको छ। सूचना तथा प्रसारण मन्त्रालयले भनेको छ, यस यात्राको अवधिमा यसको प्रभावले लाखौं मानिसलाई एकजुट गर्ने काम गरेको छ। यस यात्राले पहिलो

22 दिनमा एक करोड़को आँकड़ा छोएको थियो। यो यात्रा अहिलेसम्ममा लगभग 60 हजार ग्राम पञ्चायतसम्म पुग्न सफल भएको छ।

## एआई - ग्लोबल सम्मेलन

राजधानी नयाँ दिल्लीमा सम्पन्न आर्टिफिसियल इन्टेलिजेन्स ग्लोबल पार्टनरसिप सम्मेलनले नयाँ दिल्ली घोषणाको कार्यान्वयनलाई स्वीकार गरेको छ। शिखर सम्मेलनमा सहभागी सबै २९ सदस्य राष्ट्रले यो घोषणालाई सर्वसम्मतिले स्वीकृत गरेका छन् ।

केन्द्रीय सूचना प्रविधि राज्यमन्त्री श्री राजीव चन्द्रशेखरले घोषणापत्रमा स्वास्थ्य सेवा र कृषिमा कृत्रिम बुद्धिमत्ता अनुप्रयोगहरू विकास गर्नका साथै विकासोन्मुख देशहरूको आवश्यकता अनुरूप आर्टिफिसियल इन्टेलिजेन्सको विकासमा सहकार्य समावेश गर्न पनि सहमति भएको बताउनु भयो।

उहाँले शिखर सम्मेलनले स्वास्थ्य सेवा, कृषि र अन्य क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्समा आधारित एप्लिकेसनहरू सिर्जना गर्न साझेदार देशहरूबीच आविष्कार र सहकार्यको आवश्यकतामा जोड दिएको बताउनु भयो। नयाँ दिल्ली घोषणा अन्तर्गत, सम्मेलनले विकासशील देशहरूमा ध्यान केन्द्रित गर्नेछ र विश्वका सबै मानिसहरूलाई विभिन्न एआई प्लेटफर्महरू र समाधानहरूमा पहुँच प्रदान गर्नेछ।

## राष्ट्रपति- ऊर्जा पुरस्कार

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा राष्ट्रीय ऊर्जा संरक्षण पुरस्कार-2023, राष्ट्रीय ऊर्जा संरक्षण नवाचार पुरस्कार-2023 र ऊर्जा संरक्षणमा राष्ट्रीय चित्रकला प्रतियोगिताका विजेताहरूलाई पुरस्कार प्रदान गर्नुभयो।

उहाँले, राष्ट्रीय ऊर्जा संरक्षण दिवसको अवसरमा आज 63 जना विजयीलाई पुरस्कृत गर्नुभयो। राष्ट्रीय ऊर्जा संरक्षण दिवसको उद्देश्य ऊर्जा संरक्षण महत्वको प्रसार र ऊर्जा दक्षता तथा संरक्षणमा देशको उपलब्धिहरूको प्रदर्शन गर्नु हो। विद्युत मंत्रालयको तत्वावधानमा ऊर्जा दक्षता ब्यूरोले यो पुरस्कार प्रदान गर्दछ। यो ब्यूरो देशमा ऊर्जा दक्षताको नियमन, वृद्धि तथा ऊर्जा संरक्षणलाई प्रोत्साहित गर्दछ।

सिक्किम - पर्यटक उद्धार

सिक्किममा बाक्लो हिमपात र खराब मौसममा फसेका बाह्र सयभन्दा धेरै पर्यटकलाई सेना र स्थानीय प्रशासनले सकुशल उद्धार गरेको छ । हिजो बाक्लो हिमपातका कारण पूर्व सिक्किमको उच्च हिमाली क्षेत्र छाङ्गु क्षेत्रमा बयोवृद्ध, महिला र बालबालिका सहित लगभग बाह्र सय पर्यटक फसेका थिए। सेनाको त्रिशक्ति कोर्सले तुरुन्तै पहल गरी अलपत्र परेका यात्रीहरूको उद्धार गरेको थियो ।

खेलो इन्डिया पारा गेम्स

नयाँ दिल्लीमा भइरहेको खेलो इन्डिया पारा गेम्समा अहिलेसम्ममा हरियाणा एकतीस स्वर्ण, पैतीस रजत अनि अठार कांस्यसहित कुल चौराशी पदक जितेर शीर्षमा छ। उत्तर प्रदेश तेइस स्वर्णसहित कुल उन्चास पदक जितेर दोस्रो स्थानमा रहेको छ। तेस्रो स्थानमा रहेको तमिलनाडुले अहिलेसम्ममा सोह्र  स्वर्ण पदक जितिसकेको छ।

क्रिकेट

तेस्रो तथा अन्तिम टी-20 अन्तरराष्ट्रीय क्रिकेटमा आज दक्षिण अफ्रिकाको जोहान्सबर्गमा भारतको भिडन्त आयोजक दक्षिण अफ्रिकासित हुँदैछ। म्याच भारतीय समयानुसार अहिले साँढ आठ बजी शुरु हुनेछ। दक्षिण अफ्रिका सिरिजमा एक शुन्यले अघि रहेको छ।

हकी

कुवाला लम्पुरमा भइरहेको एफआईएच पुरुष जूनियर हकी विश्वकपको सेमीफाइनलमा भारत पराजित भएको छ।  सेमीफाइनलमा जर्मनीले भारतलाई 4- 1 गोलले पराजित गरेर फाइनलमा प्रवेश गऱ्यो।

महिला-क्रिकेट-टेस्ट

महिला क्रिकेटमा, भारत र इंग्ल्याण्डमाझ जारी एक मात्र टेस्टमा पहिला ब्याटिङ गर्दै भारतले पहिलो पारीको पहिलो दिनको खेल समाप्त हुँदा 7 विकेट खर्च गरेर 410 बनाएको छ।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- चर्काचर्की होहल्लाका कारण संसदका दुवै सदनको कार्यवाही दिनभरिका लागि स्थगित
- पन्ध्र सांसद शीतकालीन सत्रका शेष बैठकका लागि निलम्बित

- एआई ग्लोबल पार्टनरसिप सम्मेलनले नयाँ दिल्ली घोषणाको कार्यान्वयनलाई स्वीकार गऱ्यो
- सिक्किम हिमपातमा थुनिएका आठ सय पर्यटकलाई सेनाले गऱ्यो उद्धार
- खेलो इन्डिया पारा गेम्समा हरियाणा एकतीस स्वर्णसहित शीर्षमा
- भारत र दक्षिण अफ्रिका माझ तेस्रो टी-20 म्याच जोहान्सबर्गमा हुँदै, अनि
- महिला टेस्टमा भारतले पहिलो दिन बनायो 410 रन